# लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा,रोडा,मस्कट,भस्कट, माटो आदि) संकलन, उत्खनन्,ओसार पसार र विक्रि वितरण सम्बन्धी कार्यविधि, २०७४

वातावरणमा पर्नसक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्दै लिखु गाउँपालिका क्षेत्रभित्रसञ्चालित विकास निर्माणका कार्यहरु र भकम्पबाट क्षतीग्रस्त संरचना निर्माणकोलागि आवश्यक पर्ने नदीजन्य निर्माण सामग्रीहरु (ढंगा, गिट्टी, बालुवा, रोडा, मस्कटभस्कट, माटो आदि ) को सहज उपलब्धता सुनिश्चित गर्न र स्थानीय नदी, खोलाखानी तथा निजी जग्गाहरुबाट त्यस्ता सामग्रीहरुको संकलन, उत्खनन्, बिक्रीवितरणको कार्यलाई व्यवस्थित र नियमन गर्न ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गातथा स्लेट जस्ता खानीजन्य बस्तुको सर्वेक्षण, उत्खनन्, तथा उपयोगको दर्ता,अनुमति, नवीकरण, खारेजीर व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा (२) को खण्ड (प) को देहाय (७र लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४कोअधिकार प्रयोग गरी लिखु गाउँसभाले यो कार्यविधि बनाई जारी गरेको छ।

**१. संक्षिप्त नामर प्रारम्भः** (१) यस कार्यविधिको नाम "लिखु गाउँपालिकाकोनदीजन्य निर्माण सामग्री (ढङ्गा, गिट्टी, बालुवा, रोडा,मस्कट, भस्कट, माटोआदि) संकलन, उत्खनन्, ओसारपसार र विक्रि वितरण सम्बन्धी कार्यविधि,२०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)"ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाईं बुझाउनेछ ।

(ख) "कार्यविधि" भन्नाले लिखु गाउँपालिकाको नदीजन्य निर्माण सामग्री (ढुङ्गा, गिट्टी,बालुवा, रोडा, मस्कट, भस्कट, माटो आदि) संकलन, उत्खनन्, ओसार पसारर विक्रि वितरण सम्बन्धी कार्यविधि, २०७४ लाई बुझाउनेछ।

ग) "मन्त्रालय" भन्नाले संघीय सरकारको संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयलाई बुझाउने छ।

(घ) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १२ अनुसार गठित अनुगमनतथा समन्वय समितिलाई जनाउनेछ ।

(ङ) "नदीजन्य पदार्थ" भन्नाले स्थानीय नदी, खोला, खानी तथा निजी जनगाबाटउत्खनन, संकलन, उपयोगको इजाजत प्राप्त नदीजन्य निर्माण सामग्रीहरुढुङ्गा,गिट्टी, बालुवा, रोडा, मस्कट, भस्कट माटो आदिलाई जनाउनेछ ।

(च) "सिफारिस समिति" भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित सिफारिस समितिलाई जनाउनेछ

(छ) "निजी जगगा" भन्नाले कनै व्यक्तिवा संस्थाको नाउँमा दर्ता कायम रहेकोजग्गालाई जनाउनेछ ।

(ज) "वातावरणीय अध्ययन" भन्नाले नदीजन्य पदार्थ उत्खनन्, सकलन, उपयोगका क्रियाकलापबाट वातावरण, पर्यावरण, मानववस्ती, मानव स्वास्थ्य, जलश्रोत तथा भौतिक पूवाधारहरुमा पर्ने प्रभावहरुको सामान्य लेखाजोखा गर्ने कार्य लाईबुझाउँदछ। यस शब्दले IEE, IEA तथा EIA लाई समेत जनाउनेछ ।

३. नदीजन्य पदार्थ उत्खनन् वा संकलनको इजाजत सम्बन्धी व्यवस्था :

(१) नदीजन्य पदार्थ उत्खननवा संकलन गर्दा देहायको अवस्थामा गाउँकार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले तोकिएको दस्तुर लिईअस्थायी इजाजत दिन सक्नेछ ।

क) स्थानीय नदी, खोला तथा निजी हकभोगको जग्गाबाट नदीजन्य पदार्थ संकलन, उत्खनन् र विक्री वितरण गर्न वातावरणीय अध्ययनले जोखिम नरहेको भनी तोकेको स्थानहरु,

(ख) नदीजन्य पदार्थ स्थानीय नदी, खोलानालाअन्य स्थान वा निजी स्वामित्वमारहेको जग्गामा थुप्रन गई सो को कारणले बाढी तथा अन्य कारणबाट मानवबस्ती, खेतीयोग्य जमिन तथा भौतिक संरचनामा

जोखिम उत्पन्न हुनसक्नेअवस्था सिर्जना भई त्यस्ता नदीजन्य पदार्थ हटाउनु परेको अवस्थामा नियमानुसार तोकिएको स्थलहरु ।
ग) स्थानीय नदी, खोला तथा निजी जग्गामा विभिन्न भौतिक संरचना निर्माणगर्न जमिनलाई मिलाई खेतीयोग्य बनाउन उपयुक्त देखिएका स्थलहरु ।

(२ इजाजत विना नदीजन्य पदार्थको संकलन तथा उत्खनन गर्न पाईने छैन ।

**४.नदीजन्य पदार्थको संकलन तथा उत्खनन् :** (१) स्थानीय नदी, खोला, खानी तथानिजी स्वामित्वको जग्गाबाट नदीजन्य पदार्थको संकलन तथा उत्खनन् सम्बन्धीकार्ययोजना गाउँ कार्यपालिकाले तयार गरी सोही बमोजिम गर्नुपर्नेछ ।

(२) गाउँ कार्यपालिकाको कार्यालयले नदीजन्य पदार्थ संकलन वा उत्खनन् गर्नसकिने स्थानहरुको पहिचान गरी त्यस्ता स्थलहरुको वातावरणीय अध्ययनगराउनु पर्नेछ । यसरी वातावरणीय अध्ययनको ढाँचा र प्रक्रिया संघीय कानूनमाभए बमोजिम हुनेछ । यसरी अध्ययन गर्दा उत्खनन् हुने स्थलकोजि.पि.एसकोड, नक्सा र उत्खनन् गर्न सकिने समयावधि समेत उल्लेख हुनुपर्दछ ।

(३) उपदफा (२) बमोजिमको अध्ययनबाट प्राप्त प्रतिवेदन गाउँ कार्यपालिकाबाटस्वीकृत गरी उक्त प्रतिवेदनले नदीजन्य पदार्थ उत्खनन् गर्न सकिने गरीऔल्याएका दफा ३ बमोजिमका क्षेत्रहरुबाट मात्र तोकिएको दरमा वातावरणशुल्क लिई उत्खनन् तथा संकलनको लागि अस्थायी अनुमति दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम उत्खनन् को अनुमति दिदा नदीहरुको हकमा दुवै किनारातर्फको भागमा एक/ एक तिहाई भाग छोडी उत्खनन् गर्ने क्षेत्रको चारकिल्लासिमाङ्कन गर्नुपर्दछ ।

(५) उपदफा (२) बमोजिमको अध्ययनको प्रतिवेदनले औल्याए बमोजिमको क्षेत्र,लम्बाई , चौडाई र गहिराई उल्लेख गरी चारिकिल्ला तोकेर मात्र नदीजन्य पदार्थउत्खनन् तथा संकलन गर्नुपर्दछ ।

(६) नदीजन्य पदार्थको उत्खनन् गर्ने स्थल दुई स्थानीय तहहरुको सीमाक्षेत्रमा रहेमादुवै स्थानीय तहको संयुक्त समिति बनाई उत्खनन् कार्यलाई सहजीकरण गरिनेछ । यस्तो स्थलबाट संकलन गरिने राजश्वको सम्बन्धमा दुई स्थानीय तहबीचआपसमा सम्झौता गरी इजाजत प्रदान गरिनेछ ।

(७) उपदफा (५) बमोजिमको उत्खनन् तथा संकलन क्षेत्रबाट तोकिएको परिमाणभन्दा बढी उत्खनन् गर्न दिनु हुदैन । यस्तो कार्यको अनुगमन गरी साँध, चारकिल्ला र निशाना लगाई उत्खनन् को परिमाण जाँच र एकिन गर्नुपर्दछ ।

(८) नदीजन्य पदार्थ उत्खनन् गरिने स्थानमा लम्बाई, चौडाई र गहिराई उल्लेखगरी चारिकिल्ला तोकेर उत्खनन् को परिमाण, प्रयोग गरिने प्रविधि र समयतोकेको सूचना बोर्ड राख्नुपर्दछ ।

(९) पुल, झोलुङ्गे पुल, सिँचाई नहर, बाँधजस्ता भौतिक संरचनाको दुवैतर्फ पाँचसयमिटर दुरीसम्म नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न पाइनेछैन । तर, त्यस्तोसंरचनामा वा संरचनाको आसपासनदीजन्य पदार्थ

थुप्रन गई संरचनामा जोखिम उत्पन्न भएको अवस्थामा वातावरणीय अध्ययन गराई गाउँ कार्यपालिकाकोनिर्णय बमोजिम त्यस्तो नदीजन्य पदार्थ हटाउनलाई बाधा पर्नेछैन ।

(१०) गाउँपालिकाबाट सञ्चालित विकासका आयोजनाहरु तथा भुकम्पबाट घर क्षतिभएका स्थानीय नागरिकहरूले घर निर्माणका लागि नदीजन्य पदार्थको उत्खनन्एवं संकलनको लागि कार्यपालिकाको निर्णय बमोजिम उत्खनन् वा संकलनगरिने स्थान परिमाण र ढुवानी गर्ने साधनको विवरण तथाआवश्यक शर्तहरुखुलाई तोकिएको दस्तुर लिई अस्थायी अनुमति दिन सकिनेछ ।

**५. उत्खनन् तथा संकलन कार्यको समयः** (१)नदीजन्य पदार्थ उत्खनन् र संकलनकार्य हरेक आर्थिक वर्षको असोज १गते देखि जेठ मसान्तसम्म मात्र गर्नपाइनेछ ।

(२) नदीजन्य पदार्थ उत्खननको लागि समय तोक्दा विहान ८ बजेदेखि बेलुका ६ वजेसम्ममात्र उत्खनन् कार्य गर्नपाउने गरी तोक्नु पर्नेछ । रात्रीको समयमाउत्खनन् तथा संकलन कार्य गर्न पाईनेछैन ।

**६. निजी जग्गाबाट उत्खनन् तथा संकलनको इजाजतको लागि निवेदन दिनुपर्नेः** (१)निजी जग्गाहरुबाट नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि देहायकोकागजात संलग्न गरी गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिन सकिनेछ ।

(क) उत्खनन् वा संकलन गरिने स्थानमा आफ्नो हकभोग कायम रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी,

ख) अरुको हकभोगको जग्गाबाट उत्खनन् वा संकलन गर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा,

(ग) फिल्ड नक्सा वा ट्रेस नक्सा,

(घ) सँधियारहरुको विवरण सहितको चारकिल्ला प्रमाणित,

(ङ) सँधियारहरुले आफूलाई कुनै असर नपर्ने भनी गरिदिएको मुचुल्का कागज,

(च) संकलन तथा उत्खनन् गर्न लागेको परिमाण, प्रयोग गरिने प्रविधिखुल्लेगरी उत्खनन् वा संकलनको कार्ययोजना,

(छ) दफा ७ बमोजिमको सिफारिस समितिले उत्खनन् गर्न उचित छ भनीगरेको सिफारिस पत्र ।

**७ सिफारिस समितिः**(१)नदीजन्य पदार्थको उत्खनन्, संकलन तथा विक्री वितरणकार्य गर्न तोकिएको मापदण्ड बमोजिम इजाजत दिने सम्बन्धमा देहायबमाजिमको सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | - | संयोजक |
| (ख) सम्बन्धित वडाका वडाध्यक्ष | - | सदस्य |
| (ग) गाउँ कार्यपालिकाले तोकेको एकजना महिला सहित दुईजना कार्यपालिकाकोसदस्य | - | सदस्य |
| (घ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | - | सदस्य सचिव |

(२) उत्खनन् वा संकलन कार्य गरिने क्षेत्र दुई वटा वडाको सिमाना क्षेत्रमा रहेमाउपदफा (१)को खण्ड (ख) बमोजिमको सदस्य तोकिदा त्यस्ता दुबै वडाकावडाध्यक्ष सदस्य रहनेछन् ।

(३) उपदफा (१)बमोजिम गठित सिफारिस समितिले आवश्यकता अनुसार उद्योगविकास शाखाको प्रतिनिधी, सम्बन्धित जग्गाको सँधियार र निवेदक समेतलाईसमावेश गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(४) सिफारिस समितिले उत्खनन् तथा संकलन क्षेत्रको सँधियारहरुलाई हानीनोक्सानी वा नकारात्मक असर पर्ने वा नपर्नेकुरा, सार्वजनिक जग्गा मासिनेनमासिने, वन क्षेत्र, पानीको मुहान, सिंचाइको मुहान, नहर, सडक, पाटी पौवा, मन्दिर,भवन आदि मा नकारात्मक प्रभाव पर्न / नपर्ने कुरा यकिन गर्नुपर्नेछ ।

(५) सिफारिस समितिले वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम कनै स्थलबाटनदीजन्य पदार्थ उत्खनन् वा संकलन एवंविक्री वितरण गर्न मनासिव ठानेमा इजाजत प्रदान गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ ।

**८. सहमति / स्वीकृति लिनुपर्ने :** (१)उत्खनन् वा संकलन स्थल वन क्षेत्रमा पर्ने भएत्यस्तो स्थलबाट उत्खनन् गर्ने इजाजत दिनु पूर्वसम्बन्धित वन कायोलय वाविभाग वा कानून बमोजिम तोकिएकोनिकायबाट पूर्व स्वीकृती लिनु पर्नेछ।

(२) नेपाल सरकारका प्रचलित कानून वा नेपाल सरकार वा प्रदेश सरकारको निर्णय वा परिपत्र बमोजिम नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्दा कुनै निकायकोस्वीकृती लिनु पर्ने भएमा त्यस्तो

निकायको स्वीकृतीवा सहमति लिनुपर्नेछ ।त्यस्तो स्वीकृती वा सहमति विना उत्खनन् वा संकलनको इजाजत दिइने छैन ।

९. उत्खनन्, संकलन तथा विक्री वितरण गर्दा पालन गर्नुपर्ने शर्तहरूः नदीजन्यपदार्थको उत्खनन्, संकलन र विक्री वितरणको शर्तहरु देहाय बमोजिमको हुनेछ ।

(क)उत्खनन् वा संकलन स्थलमा वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको चार किल्ला र लम्बाई, चौडाई र गहिराई भन्दा बढी उत्खनन् वा संकलन गर्न पाईने छैन ।

(ख) उत्खनन् वा संकलन पश्चात उक्त स्थलमा वातावरणीय जोखिम उत्पन्न हुनेदेखिएमा वा संरक्षणात्मक कार्य गर्नुपर्नेछ ।

(ग) गाउँपालिकाको निर्णय बमोजिम संकलनको परिमाणका आधारमा निर्धारणगरिएको धरौटी रकम गाउँपालिकाको धरौटी खातामा अग्रिम जम्मा गर्नुपर्नेछ । धरौटी रकम जोखिमको अवस्था हेरी कम्तिमा ३ महिना पछिमात्र फिर्ता गर्नुपर्नेछ । तर, तोकिएको शर्त अनुसार कार्य नगरी उल्लंघन गरेको ठहरेमा नियमानुसारजरिवाना रकम सोही धरौटीबाट कट्टी गर्न सकिनेछ ।

(घ) गाउँपालिकाले यस कार्यविधिको अधिनमा रही तोकिदिएको चारकिल्ला भित्रबाटमात्र तोकिए बमोजिमको गहिराईसम्म मात्र उत्खनन् वा संकलन गर्न पाईनेछ ।

(ङ) गाउँपालिकाले नदीजन्य पदार्थको बजार मूल्य नियमन गर्न उत्खनन् स्थलबाटगर्नुपर्ने ढुवानी, बजारसम्मको दुरी र उत्खनन् वा संकलन गर्ने, प्रशोधन गर्ने फर्महरुको प्रचलित मूल्य दरलाई समेत ध्यानमा राखी अधिकतम विक्री मुल्यवा दररेट तोक्न सक्नेछ । यसरी तोकिएको मूल्य सबै पक्षले अवलम्बन गर्नुपर्नेछ ।

(च) उत्खनन् पश्चात अस्थायी इजाजत प्राप्त गर्नेफर्मवा व्यक्तिले उत्खनन् एवं संकलन पश्चात छनौट गरी छाडिएको काम नलाग्ने वस्तु बलौटा, पांगो वासकलनचोकर वा अन्य पदार्थको उचित व्यवस्थापन गर्नुपर्नेछ ।

(छ) तोकिएको कार्यविधि वा शर्त विपरीत नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न वा विक्री वितरण गर्न पाईनेछैन ।

(ज) उत्खनन् वा संकलन स्थलबाट मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न गराउन पाइने छैन ।

(झ) उत्खनन् र संकलन गरिएको नदीजन्य पदार्थ इजाजत पत्रमा उल्लेख गरिएकोपरिमाण भन्दा बढी उत्खनन् वा सञ्चय गरेको पाईएमा त्यस्तो पदार्थ जफतगरी जरिवाना गरिनेछ र जफत भएको पदार्थ कार्यपालिकाले लिलाम गर्न सक्नेछ ।

(ञ) सडक विभाग वा अन्य सरकारी निकायले निर्धारण गरेको वा गाउँपालिकाबाट निर्धारण गरिएको सडकको अधिकार क्षेत्रभित्र त्यस्ता नदीजन्य पदार्थ उत्खनन्,संकलन वा सञ्चय गर्न पाईने छैन ।

(ट) उत्खनन् वा संकलन पश्चात परेको वातावरणीय प्रतिकूल असरको निराकरणगर्ने जिम्मेवारी सम्बन्धित उत्खनन् तथा संकलनकर्ताको हुनेछ ।

**१०.उत्खनन तथा संकलन नियमन विधिः** उत्खनन् गर्न निर्धारण गरिएको स्थलमास्वीकृत परिमाण भन्दा बढी उत्खनन् तथा संकलन हुन नदिन देहाय बमोजिमकाउपायहरु अवलम्बन गर्नुपर्नेछ ।

(क) संकलन तथा उत्खनन् गर्ने आदेश दिनुपूर्व प्राविधिक सहितको टोलीबाट गरिएकोनाप जाँच तथा चार किल्ला रेखाङ्कनका आधारमा उत्खनन् लाईन तोकिदिने रसो लाईनभन्दा बाहिरबाट उत्खनन् वा संकलन गर्न नपाउने कुरा सुनिश्चितगर्ने।

(ख) उत्खनन् भई निकासी भएको स्थलमा अनुगमन समितिले पटक पटक अनुगमनगर्ने, छड्के जाँच गर्नेछ ।

(ग) दैनिक उत्खनन् गरिएको नदीजन्य पदार्थको तोकिएको ढाँचामा दैनिक उत्खनन्अभिलेख राख्ने र राख्न लगाउने ।

(घ) दैनिक विक्री निकासी तेरिज तयार गरी गाउँपालिकामा पठाउने र स्थानीय तहलेसो को अभिलेख राख्नुपर्नेछ ।
(ङ) नदीजन्य पदार्थ संकलन तथा उत्खनन् कार्य गर्दा उत्खनन् कर्ता स्वयंले शुल्कसंकलन गरी तोकिएको हिस्सा संकलनको दोस्रो दिन वा भोलिपल्ट नैगाउँपालिकाको खातामा जम्मा गर्ने ।

११. ओसार पसार गर्ने विधिः साधारणतया नदीजन्य पदार्थको ओसार पसार गर्ने विधिदेहायबमोजिमको हुनेछ ।
(क) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढुवानी गर्दा ३०कि.मि. प्रतिघण्टा भन्दा बढी गति हुन पाउने छैन ।
(ख) नदीजन्य पदार्थको उत्खनन् स्थल वा संकलनस्थलबाट ओसार पसार गर्ने समयबिहान ८ बजे देखि बेलुका ६ बजेसम्म मात्र हुनेछ । रातीको समयमा ओसारपसार गर्नपाइने छैन ।
(ग) बाटोमा धुलो तथा ध्वनी प्रदुषण हुन नदिन ढुवानी गर्दा मानव बस्तीको मार्गमाधुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खनन् कर्ता र ढुवानीकर्तालेमिलाउनुपर्नेछ ।
(घ) ढुवानी गर्ने सवारीले ढुवानी अवधि भर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने र सोको प्रभावकारी कार्यान्वयनको निमित्त नेपाल प्रहरीको आवश्यकता अनुसारसहयोग लिन सकिनेछ ।

(ङ) निर्माण सामग्री लोड गरी ओसारपसार गर्ने क्रममा ढुवानी गर्ने सवारी साधनगन्तव्यमा नपुगुञ्जेलसम्म सडकमा पार्किङ गर्न निषेध गर्ने। ढुवानी गरिएकोपदार्थ कुनै कारणले सडक किनारामा अनलोड गर्न पाउने छैन ।

च) निर्माण सामग्रीको ओसारपसार गर्न निर्धारण गरिए बमोजिम परिपालना भएनभएको सम्बन्धमा कार्यविधिको दफा १० बमोजिम गठित अनुगमन समितिमार्फत प्रभावकारी अनुगमनको प्रबन्ध गर्नेछ ।

**१२ अनुगमन समितिः**(१)नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा प्रशोधनको लागि आवश्यक मापदण्ड पूर्वनिर्धारण गर्नर वातावरणीय अध्ययन गरी सो कोशर्तहरुको परिपालना, अनियमित संकलन रउत्खनन् परिमाणको नियन्त्रण,ढुवानी व्यवस्था, राजश्व चुहावट तथा चोरी नियन्त्रण गर्नर गाउँपालिकामा सञ्चालनमा रहेका क्रसर उद्योगहरु लगायतका अनुगमन गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठित देहायबमोजिमको अनुगमन समिति रहने छ।

| | | |
|---|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | - | संयोजक |
| (ख) जिल्ला वन कार्यालय वा वातावरण शाखाको प्रतिनिधी | - | सदस्य |

(ग) स्थानीय प्रशासनको प्रतिनिधी - सदस्य
(घ) गाउँपालिकाबाट मनोनित एक जना महिला
सहित २ जना कार्यपालिकाको सदस्य - सदस्य
(ङ) उद्योग विकास शाखाको प्रमुख वा प्रतिनिधी - सदस्य सचिव

(२) नदीजन्य पदार्थ उत्खनन् वा संकलनकार्य प्रारम्भ भैसकेपछि यस कार्यीविधिबमोजिम भए नभएको नियमित अनुगमन गर्न सम्बन्धित उपदफा (१) बमोजिमगठित समितिले अनुगमन कार्यदल निर्माण गरी नियमित अनुगमन गर्न गराउनसक्नेछ ।

(३) संकलन, उत्खनन् तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्य सम्पन्न गर्न जुनसुकै बेला अनुगमन समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ ।

(४) अनुगमन कार्यको लागि परिचालित हुने अनुगमन समितिलाई अन्य सरकारीनिकायले आवश्यकता अनुसार सहयोग गर्नुपर्नेछ ।

(५) नदीजन्य पदार्थ उत्खनन् , संकलन तथा ओसारपसारका लागि नियमानुसार भएनभएको विषयमा अनुगमन समितिले आवश्यक कारवाहीका लागि गाउँ कार्यपालिकालाई प्रतिवेदन दिनुपर्नेछ ।

(६) अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्व छली गरी उत्खनन् तथाओसार पसार गरेको वा अनुमति नलिई उल्लेखित कार्य गरेको पाईएमा त्यस्ताउत्खनन् कर्ता वा संकलनकर्ता वाढुवाकर्तालाई गाउँपालिकाले निर्धारण गरेबमोजिमको जरिवाना गरिनेछ ।

**१३. अनधिकृत रुपमा उत्खनन् तथा संकलन गर्न नपाईनेः** अनधिकृत रूपमा नदीनाला, खोल्सा खोल्सीबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ओसारपसारगर्न पाईनेछैन । कसैले अनधिकृत रुपबाट उल्लेखित पदार्थ उत्खनन्वा संकलनगरेमा गाउँपालिकाले सो सामग्री जफत गरी नियमानुसार जरिवाना गर्नसक्नेछ ।

**१४. इजाजतपत्रको खारेजीः** (१)अस्थायी अनुमति देहाको अवस्थामा रद्द वा खारेजहुनेछ ।

(क) यस कार्यविधि विपरीतको कार्य गरेको अवस्थामा उत्खनन् कर्ता वा संकलनकर्ताको इजाजतपत्र खारेज गरिनेछ ।

(ख)इजाजतपत्रको अवधि समाप्त भएको वा म्याद नाघेको ।

(ग) नियमानुसार तोकिएको रोयल्टी, शुल्क, दस्तुर आदि समयमा नबुझाएमा ।

(घ) यस कार्यविधि बमोजिम तोकिएको शर्तहरु पालना नगरेमा ।

(ङ) तोकिए बमोजिमको पेश गर्नुपर्नेविवरण, प्रतिवेदन, सूचना आदि पेश नगरेमा ।

(च) संकलन, उत्खनन् वा ओसारपसार गर्ने क्रममा तोकिएको कार्यविधि वा शर्तहरुविपरीत कोकार्य गरेको ठहरेमा वा मानव स्वास्थ्य, मानववस्ती वा वातावरणमा प्रतिकूल असर पर्ने गरि निषेधित कार्य गरी तोकिएको कार्यविधिको गम्भीरउल्लंघन गरेको पाईएमा ।

(२) उपदफा (२)बमोजिम अस्थायी इजाजतपत्र रद्दवा खारेजी गर्दा सम्बन्धितउत्खनन् कर्ता वा संकलनकर्तालाई सफाईको मनासिव माफिकको मौका दिईनेछ ।

**१५. आवश्यक निर्णय गर्न सक्नेः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनिआमरुपमा नदीजन्य पदार्थहरु अभाव भई सर्वसाधारणलाई मर्का परेको वा त्यस्तासामग्रीको अभावले सरकारी आयोजनाको कार्यान्वयनरोकिनगएमावासार्वजनिकस्थललाई त्यस्ता सामग्रीहरु हटाई उपयोगयोग्य बनाउन वा त्यस्तोपदार्थ थुप्रिएर भौतिक संरचना वा मानववस्तीमा तत्काल संकट उत्पन्न हुनेदेखिएमा गाउँ कार्यपालिकाले निर्णय गरी नदीजन्य पदार्थ उत्खनन् वा संकलनगर्ने सम्बन्धी कार्यविधिलाईसरलीकरण र संक्षेपीकरण गर्न सक्नेछ ।

**१६. संशोधन गर्नसक्नेः** यस कार्यविधिको कार्यान्वयनकोक्रममा यस कार्यविधिको कुनै प्रावधान संशोधन गर्नुपर्ने वा कुनै प्रावधान थप गर्न वा हटाउनु पर्ने भएमालिखु गाउँ सभाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधाअड्काउ उत्पन्न भएमा वा प्रदेश कानून जारी हुँदाका बखत द्विविधा उत्पन्नभएमा लिखु गाउँ कार्यपालिकाले स्थानीय पत्रमा सूचना प्रकाशन गरी त्यस्तोबाधा अड्काउ फुकाउन सक्नेछ ।

**१८. बचाउः** (१) यस कार्यविधि जारी हुनु अगावै जारी भएका लिखु गाउँपालिकाको क्षेत्रभित्रको नदीजन्य पदार्थको उत्खनन्, संकलन वा विक्रीवितरणको अनुमति/इजाजत यसै कार्यविधि बमोजिम जारी भएको मानिनेछ ।

(२) नेपाल सरकार वा प्रदेश सरकार वा अन्तर्गतका निकायबाट गरिने परिपत्रकार्यान्वयन गर्नलाई यस कार्यविधिको कुनै बाधा पुऱ्याएको मानिनेछैन ।